प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

गण्डकी प्रदेश, पोखरा

# सूचनाको हक सम्बन्धी ऐनको दफा ५(३) बमोजिम सार्वजनिक गरिएको सूचना

(२०७५ बैशाख, जेठ, असार)

प्रकाशक

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना तथा सञ्चार समन्वय शाखा

२०७५/४/१४

# प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# गण्डकी प्रदेश, पोखरा, नेपाल

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार सार्वजनिक गरिएको २०७४ फागुन, चैत्र र २०७५ बैशाख, जेठ, असार महिनामा सम्पादित प्रमुख कृयाकलापहरू(स्वतः प्रकाशन) को विवरण

### १. गण्डकी प्रदेशको स्वरुप र प्रकृतिः

नेपालको संविधान बमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य कायम भएको छ । संविधान बमोजिम नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ । धौलागिरी अञ्चलको चार जिल्ला, गण्डकी अञ्चलको ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको वर्दघाट सुस्ता पूर्वको नवलपुर गरी एघार जिल्ला यस गण्डकी प्रदेशमा पर्दछन् । यस प्रदेशमा हिमाल २६.८ %(५८१९ वर्ग कि.मी.), पहाड ६७.२ % (१४६०४ वर्ग कि.मी.) र तराई ६ %(१३१० वर्ग कि.मी.) गरी नेपालको कूल क्षेत्रफलको १४.६६% अर्थात २१७३३ वर्ग कि.मी. क्षेत्रफल रहेको छ । यो प्रदेश २७°२०' उत्तरी अक्षांश देखि २९°२०' उत्तरी अक्षांश र ८२° ५२' पूर्वी देशान्तर देखि ८५° १२'पूर्वी देशान्तरमा अवस्थित रहेको छ । यस प्रदेशको पूर्वमा ३ नं. प्रदेश, पश्चिममा ५ नं. र कर्णाली प्रदेश, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा ५ नं. प्रदेश सहित भारतको विहार राज्य पर्दछ । यस प्रदेशमा उष्ण मनसुनी देखि टुण्ड्रा हावापानी पाइन्छ भने अग्लो भूभाग धौलागिरी हिमाल (८१६७मी.) र होचो भूभाग नवलपुरको त्रिवेणी सुस्ता रहेको छ ।

### २. राजनैतिक तथा प्रशासकीय विभाजन :

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ । यो विभाजन मध्ये यस प्रदेश अन्तर्गत धौलागिरी अञ्चलका ४ जिल्ला म्याग्दी, मुस्ताङ्ग, पर्वत र बागलुङ्ग, गण्डकी अञ्चलका गोरखा, लमजुङ्ग, मनाङ्ग, स्याङ्गजा, कास्की र तनहुँ एवं लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग नवलपुर गरी जम्मा ११ जिल्ला रहेका छन् । यस गण्डकी प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् ।त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेका छन् । प्रदेश सभामा समानुपातिक सहित कूल ६० सदस्य रहन सक्ने संवैधानिक प्रावधान छ ।

## प्रदेशको राजनैतिक तथा प्रशासकीय विभाजन

| क्र. सं. | जिल्ला | स्थानीय तहको संख्या | | निर्वाचन क्षेत्र | | कै. |
|---|---|---|---|---|---|---|
| | | नगरपालिका | गाउँपालिका | प्रतिनिधिसभा | प्रदेशसभा | |
| १ | म्याग्दी | १ | ५ | १ | २ | |
| २ | मुस्ताङग | - | ५ | १ | २ | |
| ३ | पर्वत | २ | ५ | १ | २ | |
| ४ | वाग्लुङग | ४ | ६ | २ | ४ | |
| ५ | मनाङग | - | ४ | १ | २ | |
| ६ | स्याङजा | ५ | ६ | २ | ४ | |
| ७ | गोरखा | २ | ९ | २ | ४ | |
| ८ | लम्जुङग | ४ | ४ | १ | २ | |
| ९ | तनहुँ | ४ | ६ | २ | ४ | |
| १० | कास्की | १ (म.न.पा.) | ४ | ३ | ६ | |
| ११ | नवलपरासी (सुस्ता वर्दघाट पूर्व) | ४ | ४ | २ | ४ | |
| | जम्मा | २७ | ५८ | १८ | ३६ | |

श्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## ३. जनसांख्यिकीय विवरण

२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये यस प्रदेशको जनसंख्या २४०३०१६ रहेको छ जुन कुल जनसंख्याको ९.०६प्रतिशत हुन आउँछ ।यस मध्ये पुरुषको जनसंख्या ९४८०२९ र महिलाको जनसंख्या ११४४१२४ रहेको छ भने लैङ्गिक अनुपात करिब ८९ जना पुरुष प्रति १०० महिलामा रहेको छ यसको राष्ट्रिय अनुपात ९४.१६ रहेको छ । जनसंख्याको वार्षिक वृद्धिदर -०.३३ % को हाराहारीमा रहेको छ । राष्ट्रिय तथ्याङ्कमा यो वृद्धिदर १.३५ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने यस प्रदेशको जनसंख्या वृद्धि घट्दो अनुपातमा रहेको छ । प्रदेशको जनसंख्याको औसत आयु ७० वर्षरहेको छ । राष्ट्रिय तहमा भने यो तथ्याङ्क ६५ वर्ष रहेको छ ।कुल घरपरिवार संख्या ५,७६,५०१रहेको छ । यस प्रदेशको कुल जनघनत्व ११० जना प्रति वर्ग किलोमिटर रहेको छ । यसमा नगरपालिकामा बसोबास गर्ने जनसंख्या १४,५३,८२५ (६०.५%) र गाउँपालिकामा बसोबास गर्ने जनसंख्या ९,४९,१९१ (३९.५%) रहेको छ । त्यस्तै यस प्रदेशको कुल जनसंख्याको ५०.१ प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय रहेको छ । यसबाट आधा जनसंख्या आश्रित जनसंख्याको रुपमा रहेको प्रष्ट हुन्छ ।

### भौगोलिकताको आधारमा जनसंख्याको वितरण

भौगोलिक आधारमा यस प्रदेशको जनसंख्या मध्ये हिमाली क्षेत्रको जनसंख्या १९२२५ (०.८%), पहाडी क्षेत्रको जनसंख्या २०७१३९९ (८६.२%) र तराई क्षेत्रको जनसंख्या ३१२३९२ (१३%) रहेको छ।

| क्षेत्र | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (जना/व कि.मि.) |
|---|---|---|---|
| हिमाली | १९२२५ (०.८%) | ५८१९ (२६.८%) | ३ |
| पहाडी | २०७१३९९ (८६.२%) | १४६०४ (६७.२%) | १४२ |
| तराई | ३१२३९२ (१३%) | १३१० (६%) | २३२ |
| जम्मा | २४०३०१६ | २१७३३ | ११० |

श्रोतः तथ्याङक कार्यालय, कास्की

## ४. यस कार्यालयको कार्य जिम्मेवारीः

प्रदेश सरकार, (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छ ।

| क्र.सं | कार्यजिम्मेवारीहरू |
|---|---|
| १ | प्रदेशमुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्वन्धी |
| २ | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३ | प्रदेशसरकारको कार्यविभाजन तथा कार्यसञ्चालन |
| ४ | प्रदेशसरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन |
| ५ | प्रदेशसरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६ | प्रदेशमन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७ | प्रदेशमन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन |
| ८ | प्रदेशमन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९ | प्रदेशभित्रकोराजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुकोअद्यावधिक जानकारी र सम्बोधन |
| १० | मानवअधिकारकोसंरक्षण र प्रवर्द्धन |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १२ | संघीय संवैधानिकनिकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक |

| | |
|---|---|
| | आयोगसंगकोसम्पर्क र समन्वय |
| १३ | संघीयसरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वासहमति कार्यान्वयन |
| १४ | प्रदेशप्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५ | अन्तरप्रदेशपरिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसंगको समन्वय र अन्तरसम्वन्ध |
| १६ | प्रदेशस्तरकाआयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७ | निर्वाचनकार्यमा सहयोग र समन्वय |
| १८ | प्रदेशस्तरीयमानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९ | प्रदेशनिजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथामापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| २० | प्रदेशस्तरकासरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण |
| २१ | प्रदेशस्तरीयतालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिमकेन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २२ | प्रदेशस्तरमासार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणर सेवाग्राही सन्तुष्टिसर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन |
| २३ | गाउँपालिकार नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा |
| २४ | प्रदेश संसदको अधिवेशन आव्हान र अन्त्य सम्बन्धी |

## ५. प्रदेश मन्त्रालय र कार्य विभाजनः

माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङले मिति २०७४।११।४ मा गठित मौजुदा मन्त्रिपरिषदमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मिति २०७४।१२।१२ मा देहाय बमोजिमको हेरफेर तथा थप गरी कार्यविभाजन गर्नु भएको छ।

| क.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १ | मा.श्री पृथ्वी सुब्बा गुरुङ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | मा.श्री किरण गुरुङ | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३ | मा.श्री हरि बहादुर चुमान | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ४ | मा.श्री राम शरण बस्नेत | मन्त्री | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| ५ | मा.श्री नरदेवी पुन मगर | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ६ | मा.श्री विकास लम्साल | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ७ | मा.श्री लेख बहादुर थापा मगर | मन्त्री | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |

प्रदेश सरकारको प्रवक्ता – मा. रामशरण बस्नेत – मन्त्री भौतिक पुर्वाधार विकास मन्त्रालय

## ६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को संगठनात्मक संरचना र कर्मचारी संख्या

संलग्न अनुसूची १.१ र १.२ बमोजिम रहेको छ ।

अनुसूची-१.१

# प्रदेश सरकार
## .......प्रदेश
## मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको संगठन संरचना

### मुख्यमन्त्री

**सचिवालय**
- उपसचिव,रा.प.द्वि. (प्र, सा.प्र.)- १.
- कम्प्युटर अपरेटर,रा.प.अनं.प्र.,विविध - १

### प्रमुख सचिव
रा.प.विशिष्ट- १

**सचिवालय**
- शा.अ,रा.प.तृ. (प्र.,सा.प्र.)- १
- कम्प्युटर अपरेटर,रा.प.अनं.प्र.,विविध - १

### बैठक तथा प्रशासन महाशाखा
सचिव
- रा.प.प्रथम(प्र.)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- १

**प्रशासन तथा बैठक शाखा**
- उपसचिव रा.प.द्वितीय (प्र.,सा.प्र.)- १
- शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)- १
- ले.अ.रा.प.तृतीय(प्र.,लेखा)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- १
- कम्प्युटर अपरेटर, रा.प.अनं.विविध- १
- सहलेखापाल रा.प.अनं.द्वि.,प्र.,लेखा.- १
- ह.स.चा., श्रेणीविहीन- ६
- का.स., श्रेणीविहीन- ७

**सुचना तथा संचार समन्वय शाखा**
- उपसचिव रा.प.द्वितीय (प्र.,सा.प्र.)- १
- शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)- १
- कम्प्युटर अधिकृत रा.प.तृतीय(विविध)- १

### शासकीय सुधार तथा समन्वय महाशाखा
सचिव
- रा.प.प्रथम(प्र.)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- १

**योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा**
- उपसचिव रा.प.द्वितीय (प्र.,सा.प्र.)- १
- शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)- २
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- २

**आर्थिक तथा पूर्वाधान शाखा**
- उपसचिव रा.प.द्वितीय (प्र.,सा.प्र.)- १
- शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- २

**शासकीय सुधार तथा संचार शाखा**
- उपसचिव रा.प.द्वितीय (प्र.,सा.प्र.)- १
- शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.

### कानून तथा संवैधानिक मामिला महाशाखा
सचिव
- रा.प.प्रथम (कानून,न्याय)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- १

**कानून तथा फैसला कार्यान्वयन शाखा**
- उपसचिव रा.प.द्वितीय (कानुन,न्याय)- १
- कम्प्युटर अपरेटर, रा.प.अनं.विविध- १

**मानवअधिकार तथा संवैधानिक मामिला शाखा**
- उपसचिव रा.प.द्वितीय (प्र.,सा.प्र.)- १
- शा.अ.रा.प.तृतीय(प्र.,सा.प्र.)- १
- ना.सु., रा.प.अनं.प्र.,सा.प्र.- २

अनुसूची-१.२

## प्रदेश सरकार
## .......प्रदेश
## मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको दरवन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख सचिव | प्रशासन | | रा.प. विशिष्ट | १ | |
| २. | सचिव | प्रशासन | | रा.प.प्रथम | २ | |
| ३. | सचिव | न्याय | कानून | रा.प.प्रथम | १ | |
| ४. | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्वितीय | ७ | |
| ५. | उपसचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | |
| ६. | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | रा.प.तृतीय | ८ | |
| ७. | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | |
| ८. | कम्प्यूटर अधिकृत | विविध | | रा.प.तृतीय | १ | |
| ९. | नायव सुब्बा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं.प्रथम | १२ | |
| १०. | कम्प्युटर अपरेटर | विविध | | रा.प.अनं.प्रथम | ४ | |
| ११. | सह लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.द्वि. | १ | |
| १२. | हलुका सवारी चालक | | | श्रेणीविहीन | ६ | |
| १३. | कार्यालय सहयोगी | | | श्रेणीविहीन | ७ | |
| | जम्मा | | | | ५२ | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

## ७. कर्मचारीको विवरण

| क्र.सं. | पदको नाम | नामथर | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | प्रमुख सचिव | नारायण प्रसाद विडारी | |
| २ | सचिव | धर्मराज कुईकेल | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ३ | सचिव | लालमणि ओझा | बैठक तथा प्रशासन महाशाखा |
| ४ | सचिव | विष्णुराज ढकाल | शासकीय सुधार तथा समन्वय महाशाखा |
| ५ | उप सचिव | झलकराम सुवेदी | प्रशासन तथा बैठक शाखा |
| ६ | उप सचिव | गिरीधारी सुवेदी | प्रशासन तथा बैठक शाखा |
| ७ | उप सचिव | पुरन गिरी | शासकीय सुधार तथा संचार शाखा |
| ८ | उप सचिव | ओम कुमार श्रेष्ठ | सूचना तथा सञ्चार समन्वय शाखा |
| ९ | शाखा अधिकृत | राजेन्द्र प्रसाद पौडेल | प्रशासन तथा बैठक शाखा |
| १० | शाखा अधिकृत | विष्णु प्रकाश आचार्य | प्रशासन तथा बैठक शाखा |
| ११ | शाखा अधिकृत | श्रीप्रसाद अधिकारी | मुख्यमन्त्रीको निजी सचिवालय |
| १२ | शाखा अधिकृत | एकनारायण भण्डारी | |
| १३ | शाखा अधिकृत | प्रेम प्रसाद श्रेष्ठ | सूचना तथा सञ्चार समन्वय शाखा |
| १४ | कम्प्युटर अधिकृत | सुबास अधिकारी | सूचना तथा सञ्चार समन्वय शाखा |
| १५ | लेखा अधिकृत | नवराज श्रेष्ठ | आर्थिक प्रशासन शाखा |
| १६ | ना.सु. | रमाकान्त ढकाल | जिन्सी शाखा |
| १७ | ना.सु. | विष्णु देवी पोखरेल | मुख्यमन्त्रीको निजी सचिवालय |
| १८ | ना.सु. | जानकी चपाईरेग्मी | प्रमुख सचिवको सचिवालय |
| १९ | ना.सु. | कुलराज पौडेल | प्रशासन तथा बैठक शाखा |
| २० | क.अपरेटर | केशव बस्याल | प्रशासन तथा बैठक शाखा |
| २१ | क.अपरेटर | चन्द्रकला बस्नेत | कानून तथा संवैधानिक मामिला महाशाखा |
| २२ | का.स. | बुद्धी राज महतो | मुख्यमन्त्रीको निजी सचिवालय |

## ८. महाशाखा/शाखागत कर्मचारी

## ९. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

सूचना माग गर्दा दश पृष्ठसम्म निशुल्क र सोभन्दा माथि प्रति पृष्ठ रु. ५ /- र सूचना माग दर्ता भएको मितिले १५ दिनभित्र उपलब्ध हुने ।

## १०. निर्णय गर्ने प्रकृया र अधिकारी

निर्णय गर्ने प्रकृयाका सम्बन्धमा कागजात फाईल आदिको शुरु उत्थान गर्ने कार्यको थालनी शाखा अधिकृत तथा उप सचिवबाट र निर्णय गर्ने कार्य सचिव वा प्रमुख सचिव वा मा. मुख्यमन्त्रीबाट हुने ।

११. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय प्रकृयामा संलग्न अधिकारीले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णकर्ता भन्दा एक तहमाथिको पदाधिकारी समक्ष उजुरी गर्न सकिने ।

१२. सूचनाको हक अन्तर्गत सूचना माग भएको र प्रवाह भएको विवरण

हालसम्म माग नभएको ।

१३. कार्यालय प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नामथर

कार्यालय प्रमुखः प्रमुख सचिव श्री नारायण प्रसाद विडारी

कार्यालय प्रवक्ताः उप सचिव, श्री झलकराम सुवेदी

कार्यालय सूचना अधिकारीः उप सचिव, श्री ओम कुमार श्रेष्ठ

१४. कार्यालयको गतिविधि

मिति २०७४/११/४ मा पहिलो मन्त्रिपरिषद गठन

मिति २०७४/१२/१२ मन्त्रिपरिषद हेरफेर तथा थप गरी कार्य विभाजन

१५. मन्त्रिपरिषद बैठकका निर्णयहरु

हालसम्मका मन्त्रिपरिषदका बैठकका निर्णयहरु कार्यालयको website : ocmcm.gandaki.gov.np मा राखिएको छ ।

१६. सचिव बैठकका निर्णयहरुः

हालसम्मका सचिव बैठकका निर्णयहरु कार्यालयको website : ocmcm.gandaki.gov.np मा राखिएको छ ।

१७. नीति तथा कार्यक्रम

आ.ब. २०७४/७५ र २०७५/०७६ को नीति तथा कार्यक्रम कार्यालयको website : ocmcm.gandaki.gov.np मा राखिएको छ ।

१८. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण

| ब.शि.नं. | जम्मा बजेट विनियोजन (वार्षिक) | २०७५ असार मसान्तसम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|
| ७०४३१३११३ | २,३३,००००० | ५२,२२,५२०/०५ | १,८०,७७४७९/९५ |
| ७०४३१३१२३ | २,३१,३९००० | १,१९,११५०५/४० | १,१२,२७४९४/६० |
| ७०४३१३१२४ | १,८०,००००० | ४,३८,०४४२/- | १,३६,१९५५८/- |

१९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को वेव विवरण

Website: ocmcm.gandaki.gov.np

Facebook page: https://www.facebook.com/ocmcmgandaki

Twitter: https://twitter.com/p4chiefminister

Email :info@ocmcm.gandaki.gov.np

ocmcm.gandaki@gmail.com

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भए सोको विवरणः**

यस कार्यालयका सार्वजनिक सरोकारका सूचनाहरु कार्यालयको ocmcm.gandaki.gov.npमा राखिएको छ।